बाली कटान पछिको प्राथमिक प्रशोधन प्रक्रिया

जरहरू संकलन गरिएका जरा राम्रोसँग सफा गरी ठाडो पखाली ३-५ दिनमा पातलो गरी सुकाउनु पर्दछ । सम्भव भएमा सोलार ड्रायरमा सुकाउनु पर्छ । राम्रो सुकेको रोल बनाएको सफा जराहरूलाई केनाइ बोरा वा बोयाको थैलोमा राखि सुख्खा हावा लाग्ने अर्डमा भण्डारण गर्नु पर्दछ । भण्डारण गरिने ठाउँ जमीनदेखि कम्तीमा ५०cm राख्नु पर्दछ ।

अपेक्षित उत्पादन

एक हेक्टर जमिनबाट, करिब दुई हजारदेखि डेढ सय किलो - एक सय बाट, एकसय ग्राम देखि चार किलो सम्म ताजा जरा उत्पादन हुन्छ । खेतीको तीस महिनामा जरा संकलन गर्दा उत्पादन कम तथापि घट मात्र केजीमात्र उत्पादन हुन्छ ।

कृषि औजारहरू: यस खेतीमा प्रयोग गरिने औजारहरू सबै स्थानीय तथा घरायसी अवस्थामा हुन्छन् ।

अभिलेखीकरण(Documentation)

खेतीगरिएका बिरुवाको बिउ स्रोत देखि कुन भाग प्रशोधन गरिएको, कुन कति मात्रा राखिएको, कि/नाशक औषधी प्रयोग गरेको कुन समयमा संकलन गरेको आदि सबै WHO बाट प्रकाशित पोथ्रा अनुसार रेकर्ड गर्नु पर्दछ । हरेक भण्डारण गरिएको बोरा वा प्याकेटहरूमा बिरुवाको नाम संकलन गरिएको मिति, ब्याच नं. आदीको लेबल राख्नु पर्दछ ।

सि.नं.	विवरण	इकाई	परिमाण			दर	खर्च रु.		
			पहिलो वर्ष	दोस्रो वर्ष	तेस्रो वर्ष		पहिलो वर्ष	दोस्रो वर्ष	तेस्रो वर्ष
१	बेर्ना	गोटा	50000	5000	1000	0.5	25000	2500	500
२	कम्पोष्ट मल	टन	20	7	5	2000	40000	14000	10000
३	कामदार								
	जग्गा तयारी	श्रमदिन	90			400	36000	0	0
	मल बार मलाउने	श्रमदिन	30	10	10	400	12000	4000	4000
	बिरुवा रोप्ने	श्रमदिन	60	10	10	400	24000	4000	4000
	सिचाई एकमुष्ट	श्रमदिन					10000	10000	10000
	गोडमेल	श्रमदिन	40	40	49	400	16000	16000	19600
	संकलन प्रशोधन	श्रमदिन			50	400			20000
	भण्डारण	श्रमदिन			20	400			8000
४	**कृषि औजार**	**एकमुष्ट**					**20000**		
	जम्मा						**183000**	**50500**	**76100**
	कुल जम्मा								309600
५	**उत्पादन**	**के. जी**			**3000**	**200**			**600000**
	नाफा								290400
	[illegible]					5%			14520
	खुद नाफा								**2,75,880**

नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
वनस्पति विभाग
थापाथली, काठमाडौं
२०६७

सर्पगन्धाको असल खेती तथा संकलन अभ्यास

वनस्पति पहिचान

वैज्ञानिक नाम	राउल्फिया सर्पेन्टिना (*Rauvolfia serpentina*) Benth. ex Kurz
परिवार	एपोसाइनेसि (Apocynaceae)
नेपाली नाम	चाँदमरुवा, चाँदमारी, पुष्पिमी, सर्पगन्धा
अंग्रेजी नाम	Serpent wood, Serpentine
व्यापारिक नाम	सर्पगन्धा, सर्पेन्टाइन
अन्य नाम	चन्द्रमार,सर्पगन्धा (संस्कृत) च्यापरो/(नेपाल),नकुलीया,
चाल्ला-बार,पट (बंगाल),छोटा चाँद (हिन्दी)	
उपयोगी भाग	जरा, पात

रसायनिक तत्व रिसर्पिन (Reserpine), सर्पोटर्पिन (Serpoterpene), एजमालिन(Ajmaline), एजमालिसिन(Ajmalicine), सर्पेन्टाइन (Serpentine), सर्पेन्टाइनिन (Serpentinine), टेक्सिन (Texine) आदि

औषधीय उपयोगिता

यसको जरा धेरै किसिमका आयुर्वेदिक र एलोपेथिक औषधि बनाउन प्रयोग गरिन्छ । यसको जरा अपच पखाला, ज्वरो, पेट दुखाइ भएमा खाने गरिन्छ । जरा पिसेर सर्प वा किराहरूले टोकेमा लगाइन्छ । यसमा पाइने रिसर्पिन नामक रसायन निद्रा लगाउने, उच्च रक्तचाप घटाउने, साथै उत्तेजना घटाउने औषधि बनाउन प्रयोग गरिन्छ । पातको रस आँखाको जालो हटाउन प्रयोग हुन्छ ।

आयुर्वेदिक औषधिको नाम सर्पगन्धा घनवटी, सर्पगन्धा चूर्ण, सर्पगन्धा योग



स्रोत: ESON, 2009

प्राकृतिक वासस्थान तथा पारिस्थितिकीय विशेषता

यो नेपाललगायत उष्ण प्रदेशीय हावापानी भएका भारत, श्रीलंका, मलेसिया, म्यानमार आदि देशमा पाइन्छ । यसबाहेक यो बिरुवा अफ्रिका, अमेरिकाको उष्ण प्रदेशीय भू-भागमा पनि पाइन्छ । यो नेपालको करिब एक हजार देखि-डेढ सय मि.सम्मको उचाईमा पूर्व देखि पश्चिमको ३५ वटा जिल्लामा साल, सल्ली, अस्ना, सिसौ, खयर कर्मा, इन्द्र जौ आदिको छहारीमा पाइन्छ । खास गरी यो वन विनाश भई पुनरुत्पादन भएको चिसो ओसिलो छाँया भएको ठाउँमा प्रशस्त पाइन्छ.

मुख्य उत्पादन क्षेत्रहरू:

नेपालमा केही सामुदायिक वन तथा सरकारी फर्महरूमा यसको खेती सुरुवात गरिएको पाइएको छ । नेपाल सरकार वनस्पति विभाग, दाङ, बाँके, कैलाली, मकवानपुर, धनुषा जिल्लाहरूमा यसको खेति सम्भाव्यता अध्ययन गरिएकोछ । व्यावसायिक रुपमा कैलाली, मकवानपुर जिल्लाको सामुदायिक वनहरूमा गरिएको पाइएको छ ।

वानस्पतिक विवरण



यो ३०-९० से.मि. अग्लो, धेरै वर्षसम्म हुर्कने सदाबहार वनस्पति हो । यसको मुख्य जराहरू धेरै गहिरो जान्छन् भने सहायक जराहरू जताततै फैलिने हुन्छन् । काण्ड फुस्रो र काठे जस्तो हुन्छ । पात घेरिएर भएको विपरीत वा ३-४ वटा पात एकै अर्डमा, भालाको, ७-१८ सेमि लामो, ३-६ सेमि चौडा, लाम्चो, भालाकार, अण्डभुजाकार, किनारा सिधा, माथिल्लो सतह गाढा हरियो र तलो सतह हल्का हरियो रंगको हुन्छन् । पातको टुप्पा तिखो र फेद साँघुरो हुन्छ । मंजरी, सेतो गुलाबी र बाक्लाकार फूल ३-४ सेमि लामो, ६-१२ वटा गुच्छामा फुल्दछन् । फल ०.५-१ सेमि ब्यास भएको, गोलाकार हुन्छ । फल काँचोमा हरियो, पाके रातो र पाके पछि, कालो रातो रंगको हुन्छ । बिउ चेप्टो र चौडा हुन्छ । बोक्रा खैरो र चिरिएको जस्तो देखिन्छ । जाडो मौसममा यो बिरुवा सुषुप्त अवस्थामा तथा बसन्त ऋतुमा नयाँ पालुवा फुट भई फुल्न थाल्दछ ।